# ‘बिएफए सो – २०१७’ लाई सरसरती हेर्दा

रमेश खनाल


## लेखसार

**यसै वर्ष असार महिनामा सिर्जना कलेज अफ फाइन आर्टस्को स्नातक तह, अन्तिम वर्षका सोह्र जना विद्यार्थी कलाकारहरुद्वारा सिर्जित कलाकृतिहरूको प्रदर्शनीको आयोजना गरिएको थियो। प्रस्तु लेखमा उक्त प्रदर्शनीमा प्रदर्शित चित्र, ग्राफिक डिजाइन तथा मूर्ति रचनाहरूमा निहित भाव एवम् शिल्प पक्षबारे विवेचना गरिएको छ।**


सामान्यतया कुनै पनि कला शिक्षण संस्थामा अन्तिम वर्षमा अध्ययनरत विद्यार्थी कलाकारहरूका कामलाई सार्वजनिक प्रदर्शनी गर्ने परिपाटी पाइन्छ। यस्ता प्रदर्शनीका मूलतः दुई ओटा उद्देश्य रहेका हुन्छन्। पहिलो – केही निश्चित वर्षको सिकाइपश्चात् ती विद्यार्थीहरूको सिकाइ उपलब्धि के कस्तो रह्यो भन्नेबारे समाज र कला समुदायलाई देखाउने र दोस्रो – ती विद्यार्थी कलाकारहरूका कामका आधारमा सो शैक्षिक संस्थाको गुणस्तर मापन गर्ने। यसै सन्दर्भमा गत असार २६ गतेदेखि ३० गतेसम्म तारा गाउँ म्युजियममा सिर्जना कलेज अफ फाइन आर्टस्ले ‘बिएफए सो - २०१७’ (BFA Show - 2017) आयोजना गरेको थियो। सो प्रदर्शनीमा उक्त कलेजमा बिएफए चौथो वर्षमा अध्ययनरत पेन्टिङ, स्कल्पचर र ग्राफिक कम्युनिकेसन विषयका सोह्र जना विद्यार्थीका कामहरू राखिएका थिए। सो प्रदर्शनी हेरेपछि आफूलाई लागेका केही प्रतिक्रियालाई लिपिबद्ध गर्ने जमर्को गरेको छु।

सर्वप्रथम ‘बिएफए सो - २०१७’ को क्याटलग हेर्दै जाँदा पृष्ठ सङ्ख्या ३० मा पुगेर टक्क अड्किएँ। ‘एनइपिइएन, मेड इन नेपाल’ (NEPEN, Made in Nepal) भन्ने कलम सम्बन्धी विज्ञापनमाथि आँखा पर्‍यो। एनइपिइएन नाउँको कुनै उत्पादनको विज्ञापन होला भन्ने सोचेँ। वास्तवमा त्यो कुनै विज्ञापन नभईकन ग्राफिक कम्युनिकेसन मूल विषय लिई अध्ययन गरिरहेका छात्र बिक्की महर्जनको मौलिक डिजाइन पो रहेछ। वास्तवमै ‘क्लास’ को डिजाइन थियो त्यो। (चित्र पृष्ठ १३० मा)

तारा गाउँ म्युजियमको भुइँतला, बीचको र माथिल्लो तलाका ग्यालरी कक्षहरूमा ‘बिएफए सो - २०१७’ हेर्न आएका दर्शक, विद्यार्थी र तिनका अभिभावक तथा पत्रकारहरूको भीड थियो। म ग्राफिक कम्युनिकेसन सेक्सनमा घुम्दै थिएँ। ‘इजी - टेक अ नेच्युरल स्टेप’ ('EZY - Take a Natural Step) लेखिएको जुत्ताको डिजाइनले आँखालाई तान्यो। सुभाषरत्न ताम्राकारको स्पोर्टस् जुत्ताको डिजाइन वास्तवमै हेर्न लायकको थियो। (चित्र पृष्ठ १३२ मा)

बिएफएका विद्यार्थीहरूले ग्राफिक डिजाइन सिक्ने क्रममा पाठ्यक्रमअनुसार अनेक किसिमका प्रोजेक्टहरू गर्नुपर्ने रहेछन्, जस्तै : टाइपोग्राफी, प्याकेज डिजाइन, इलेस्ट्रेसन, क्यारिकेचर, एनिमेसन, इन्टिग्रेटेड क्याम्पेन, कन्जुमर प्रोडक्ट, सोसल सर्भिस क्याम्पेन आदि। सुजिना महर्जनको ‘वाइन इन्सपाएर्ड बाई नेचर - सलिँ’ (Wine Inspired by Nature - SALIN) ब्रान्डलाई परम्परासँग जोड्दै आकर्षक डिजाइन सिर्जना गरेकी छिन्। माटोबाट बनाइएको वाइनको बोतल पनि त्यत्तिकै चित्ताकर्षक लाग्छ। (चित्र पृष्ठ १३१ मा)

नेपाली उत्पादनलाई प्रतिस्पर्धी बजारमा टिकाउने उद्देश्य राखेर उजैन महर्जनले ‘डायमन्ड कुकिज (Diamond Cookies) ब्रान्डको डिजाइन गरेका छन्। एक युवती कफीसँगै डायमन्ड कुकिज



'बिएफए सो - २०१७', तारागाउँ म्युजियम

खान तल्लीन देखाइएको विज्ञापन औधी आकर्षक देखिन्छ। 'समथिङ मिसिङ फ्रम योर मर्निङ कफी' (Something Missing from Your Mornings Coffee) भन्ने स्लोगान सहितको विज्ञापनले उजैनलाई राम्रो सम्भावना बोकेका विज्ञापन डिजाइनरका रूपमा इङ्गित गर्छ।
(चित्र पृष्ठ १३३ मा)

यी विद्यार्थीका डिजाइनहरूले भोलि व्यावसायिक एवम् औद्योगिक जगत्का लागि चाहिने जनशक्ति आपूर्ति गर्ने दिशामा सिर्जना कलेज अफ फाइन आर्टस् सक्षम छ भन्ने स्पष्ट सङ्केत गर्छन्। यी विद्यार्थीहरूमा सिर्जनशील निरन्तरता भने अपरिहार्य सर्त हो।

'बिएफए सो - २०१७' मा मूर्तिकलातर्फ अन्मारी तामाङ, हरिराम अधिकारी, सञ्जीव शाक्य र स्वस्तिरत्न शाक्यका नवीन सिर्जनाहरू राखिएका थिए। यस क्रममा अन्मारी तामाङको 'जेली फिस' (Jelly Fish) ले सबैको ध्यान खिच्छ। समुद्रमुनि पाइने माछालाई जीवनसँग तुलना गरेर मूर्तिकार अन्मारी तामाङले नवीन सोच पस्किने प्रयास गरेकी छिन्। प्रकाशसँग हाम्रो सम्बन्ध निकट छ। प्रकाश र छायासँग तादात्म्य नगरी जीवन जगत् चल्न सक्दैन। यही प्रतीकात्मक सन्देशलाई मूर्तिकारले मिक्सड मिडियामा संयोजित रचना मार्फत सम्प्रेषण गरेकी छिन्। (चित्र पृष्ठ १२८ मा)

आजका प्रतिभाशाली मूर्तिकार हरिराम अधिकारीले निकै सिर्जनात्मक काम गर्न थालेका छन्। कलेजमा अध्ययनरत छँदै उनलाई अनेकौं कार्यशालाहरूमा सहभागी हुने अवसर प्राप्त भइसकेको छ। साथै राष्ट्रिय स्तरको पुरस्कार पनि पाइसकेका छन्। यस प्रदर्शनीमा उनको 'शिव-पार्वती' शीर्षकको काठमा बनाइएको अमूर्त शैलीको मूर्ति राखिएको छ। नारी र पुरुषलाई प्रतिनिधित्व गर्ने यस मूर्तिमा मूर्तिकारले विगतभन्दा पृथक आयाम प्रस्तुत गर्ने जमर्को गरेका छन्। अध्ययन कालमा नै ख्यातिको सिँढी उक्लिन थालिसकेका हरिराम अधिकारीको मूर्ति

रचना मौलिक एवम् उम्दा छ। (चित्र पृष्ठ १२५ मा)

मूर्तिकार सञ्जीव शाक्यको 'डिस्पर्सिङ दि सिड्स अफ लाइट' (Dispersing the Seeds of Light) मिक्सड मिडियामा बनाइएको इन्सटलेसन आर्ट हो। ललितपुरको परम्परागत मूर्ति बनाउने परिवारमा हुर्केका सञ्जीवले परम्परागत शैलीलाई परिमार्जित गर्ने सशक्त प्रयास गरेका छन्। ज्ञानलाई ऐनाको माध्यमबाट सम्प्रेषण गर्नुपर्छ भन्ने परिकल्पना मूर्तिकारले गरेका छन्। (चित्र पृष्ठ १२६ मा)

ललितपुरमा जन्मिएका अर्का मूर्तिकार स्वस्तिरत्न शाक्यले आफ्नो सिर्जनालाई 'आँखीझ्याल' (The Lattice) शीर्षक दिएका छन्। मिक्सड मिडियामा संयोजन गरिएको यस रचनामा हाम्रो परम्परागत वास्तुकलामा प्रयुक्त ढोका, झ्याल आदिबाट प्रेरित हुँदै उनले आफ्नै परिकल्पनाको आँखीझ्याल बनाएका छन्। प्रदर्शनीको यो अर्को आकर्षक मूर्ति रचना हो। (चित्र पृष्ठ १२७ मा)

'बिएफए सो - २०१७' मा चित्रकलातर्फ आठजना विद्यार्थीहरूको सहभागिता रहेको छ। चित्रकलालाई नै मूल विषयका रूपमा लिएर अध्ययनरत यी आठ जना विद्यार्थीहरू अमन महर्जन, विशाल महर्जन, किपा शेर्पा, कृतिका प्रधान, प्रनिसा गुरुङ, पृथ्वीराज बोगटी, साङ्गे ठिन्ले र सुनिल लामाले परम्परावादी विचारलाई त्यागेर आआफ्नै सोच र विचारअनुसार चित्र रचना गरेका छन्। समसामयिक परिवेश र जगत्लाई आफ्नै सोचअनुसार पस्किने प्रयास गरेका छन्। उनीहरूलाई अनुबन्ध गरिएको 'प्रोजेक्ट वर्क'मा नवीन सोच र नवीन प्रस्तुतिको अपेक्षा राखिएको हुन्छ। अरूभन्दा पृथक, हिजोभन्दा पृथक हुनै पर्छ भन्ने अनिवार्य विचारसँग उनीहरू अडिएका हुन्छन्। त्यसैले उनीहरू झन्डै तीन चार महिनादेखि के कस्ता प्रोजेक्ट वर्क बनाउने भन्ने कुरामा विचार विमर्श गर्छन्। अन्ततः नवीन सोचमा पुगेर त्यसलाई मूर्तता दिने प्रयासको प्रतिफल नै यो 'बिएफए सो - २०१७' हो।

यस क्रममा अमन महर्जनको कागजबाट बनाइएको थ्री डी कट आउट (3D cut out) द्वारा बनाइएको 'रिबकेज' (Ribcage) हेर्न लायककै छ। रिबकेज अर्थात् करङले मुटु र कलेजोलाई सुरक्षित राखेको हुन्छ तर काठमाडौँको कहालिलाग्दो धुलोले आज हाम्रो रिबकेज धारासयी बनेको छ र यसले हाम्रो ज्यान नै जोखिममा पारेको छ भन्ने कुराको सङ्केत यस रचनाले गर्छ। विभिन्न सामूहिक प्रदर्शनीहरूमा भाग लिएर अनुभव बटुलिसकेका अमन निःशन्देह भोलिका अब्बल कलाकार हुन्। (चित्र पृष्ठ १२० मा)

मन्दिर, बहालहरूको प्रवेश द्वारमाथि तोरण रहेको हुन्छ। तोरणको बीचमा मुख्य देवी वा देवताको ध्यान मुद्राको मूर्ति हुन्छ र वरिपरि नाग, छेपु र मकरहरू रहेका हुन्छन्। तथापि कलाकार विशाल महर्जनले बनाएको 'तोरण' सर्वथा भिन्न देखिन्छ। उनले तोरणमा मानव कङ्कालहरूलाई विविध मुद्राहरूमा सजाएर एक्रेलिक माध्यमबाट अङ्कन गरेका छन्। विशालको कल्पनाशीलता प्रशंसनीय छ। (चित्र पृष्ठ १२२ मा)

यसैगरी कलाकार किपा शेर्पाले महिलाको पाठेघरभित्र सङ्घर्षरत शिशुलाई प्रतीक र सपनासँग तादात्म्य गर्दै 'भ्रूण' (Fetus) शीर्षक दिएर क्यानभासमाथि एक्रेलिक माध्यमद्वारा पेन्टिङ बनाएका छन्। यस चित्र रचनाले जन्म दिने आमा र जन्मिनुपर्ने शिशुको सङ्घर्षको कथालाई अभिव्यक्त गर्छ। (चित्र पृष्ठ १२२ मा)

कृतिका प्रधानको 'निराश संवेग' (Frustrated Emotion) ले मानिसका इच्छा र आकाङ्क्षाहरू पूर्ति नभएको अवस्थामा झन् असुरक्षा र नैराश्यको भावना घनिभूत हुन पुग्छ भन्ने सन्देश सम्प्रेषण गर्न खोजेको छ। हतोत्साहित युवती (सम्भवतः कलाकारको आत्मचित्र) को टाउकोमाथि अर्को अदृश्य व्यक्ति दृश्यमान हुन्छ। त्यही अदृश्य व्यक्ति नै नैराश्य हो। क्यानभासमाथि एक्रेलिक माध्यमद्वारा संयोजित यस रचनामा भाव पक्ष सबल छ, अपितु शिल्पगत दक्षता भने अलि फितलो लाग्छ। कलाकारले आफ्नो रचनामा शिल्पगत सामर्थ्यलाई प्रस्तुत गर्न सक्नुपर्छ। यो अनिवार्य सर्त हो।

कलाकार प्रनिसा गुरुङको 'गार्डेन अफ सब्लिमिटी' (Garden of Sublimity) शीर्षक दिइएको चित्र

रचनामा फूलैफूलबाट निर्मित युवतीको मोहक आकृति रहेको छ। यस चित्रले मानवीय अवस्थाको प्रतिनिधित्व गर्छ। प्रकृति र मानव उस्तै उस्तै हुन्। दुवैको एक जीवन हुन्छ र दुवैको जीवन एक समयमा पुग्दा अवसान हुन्छ। समग्रमा प्रनिसाको चित्र सुन्दर बनेको छ। (चित्र आवरण पृष्ठमा)

कलाकार पृथ्वीराज बोगटी पनि प्रकृतिबाटै उत्प्रेरित छन्। उनले पनि प्रकृतिसँग आफ्नो कल्पनालाई जोडेका छन्। 'कल्पनाको भाषा' (Language of the Vision) शीर्षकको मिक्सड मिडियामा संयोजन गरिएको आफ्ना सिर्जनामा कल्पना र यथार्थलाई एकीकृत गर्न खोजेका छन्। (चित्र पृष्ठ १२३ मा)

नाइफ, ब्रस, पेन्सिल, प्यालेट नै आज मेरा लागि कलाकार बन्ने माध्यम बनेका छन् भन्दै कलाकार साङ्गे ठिन्लेले क्यानभासमाथि एक्रेलिक माध्यमबाट कलाकारितामा प्रयोग हुने सामग्रीहरूलाई आफ्नो चित्र रचनामा संयोजन गरेका छन्। (चित्र पृष्ठ १२१ मा)

बौद्ध भिक्षु बन्नका लागि गुज्रिनुपर्ने सङ्घर्षका कथालाई कलाकार सुनिल लामाले 'भिक्षु शृङ्खला'का अक्वाटिन्ट प्रिन्टहरूमा अभिव्यक्त गरेका छन्। पेन्टिङका अतिरिक्त प्रिन्टमेकिङ विधामा विशेष रुचि राख्ने लामाले यी प्रिन्ट सिरिजमा राम्रो मेहनत गरेको प्रस्ट बुझिन्छ। (चित्र पृष्ठ १२३ मा)

## निष्कर्ष

समग्रमा मूल्याङ्कन गर्दा प्रस्तुत 'बिएफए सो - २०१७' आफ्नो उद्देश्यमा सफल रहेको छ। कलेजको प्रतिष्ठासँग गाँसिएका यस्ता प्रदर्शनीहरू हिजोभन्दा आज र आजभन्दा भोलि स्तरीय एवम् समय सापेक्ष हुँदै जानुपर्छ। कला शिक्षण संस्थामा अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरू भनेका भोलिका व्यावसायिक कलाकारहरू हुन्। अतः उनीहरूका काममा परिकल्पना, भाव, शिल्पगत सामर्थ्य आदि सबै पक्षहरू सशक्त हुनुपर्छ भन्ने अपेक्षा सरोकारवाला सबैले राख्छन् नै।

## सन्दर्भ सामग्री

BFA Show 2017 catalogue, Sirjana College of Fine Arts, Kathmandu, 2017.



*रमेश खनाल*

*रमेश खनाल आफूलाई 'अरूपण' कलाकार भन्न रुचाउँछन्। हालसम्ममा ३० पटक एकल कला प्रदर्शनी गरिसकेका खनालले कला, साहित्य र मनोविज्ञान विषयक २० थानभन्दा बढी पुस्तक लेखिसकेका छन् । उनका ७०० ओटाभन्दा बढी फुटकर लेख रचना प्रकाशित भइसकेका छन्। 'कला समीक्षक समाज'का अध्यक्ष रमेश खनाल सात वर्ष यतादेखि 'अरूपण आर्ट ग्यालरी' मार्फत कला सम्बन्धी विविध गतिविधिहरूमा संलग्न रहँदै आएका छन्।*